सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम(पश्चिम)
कर्णाली प्रदेश, नेपाल

visit nepal 2020 Lifetime Experiences

पत्र संख्याः-०७६/०७७

मितिः-२०७६/१२/१३

सानीभेरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिम्ली, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

## सूचना

प्रस्तुत विषयमा हाल विश्वभर कोरोना भाइरस (कोभिड-१९) को संक्रमण फैलिरहेको सन्दर्भमा सानीभेरी गाउँपालिका रुकुम (पश्चिम) ले पनि उच्च सर्तकता अपनाई यस अनुरुप विभिन्न किसिमका कार्यक्रमहरु संचालन गरिरहेको व्यहोरा विदितै छ । हाल भारत लगायत विभिन्न विदेशी मुलुकबाट आएका व्यक्तिहरुको तथ्याङ्क संकलन भइरहेको छ। विदेशी मुलुकबाट आउने व्यक्तिहरुलाई पहिलो चरणमा परिवार लगायत समाज बाट अलग रही सेल्फ-क्वारेण्टाइनमा बस्ने व्यवस्थाका लागि सम्बन्धित वडालाई जिम्मेवारी दिइसकिएको छ। यस कार्यमा विशेष गरी विदेशबाट आएका व्यक्तिहरुले आफै सेल्फ- क्वारेण्टाइनमा बसी सहयोग गरिदिन हुन हार्दिक अनुरोध गरिन्छ । यदि त्यस्ता व्यक्तिहरु सेल्फ- क्वारेण्टाइनमा बस्न नमानेको खण्डमा सम्बन्धित वडा कार्यालय, नजिकको प्रहरी चौकी, स्वास्थ्य संस्था वा यस कार्यालयमा सम्पर्क गरिदिन हुन समेत विनम्र अनुरोध गरिन्छ । साथै विदेशबाट आएका व्यक्तिहरुको तथ्याङ्क प्रत्येक दिन संकलन गरी यस कार्यालयमा उपलब्ध गराउनुका साथै सुरक्षित ढंगले सेल्फ- क्वारेण्टाइनमा बस्ने व्यवस्था मिलाउनका लागि हरेक वडामा वडा अध्यक्षको संयोजकत्वमा कोभिड-१९ सम्बन्धि प्रतिकार्य र पूर्वतयारी गर्न समन्वय समिति गठन गरिएको व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

कोभिड-१९ को जस्तो लक्षण देखिने कुनै पनि व्यक्ति गाउँघरमा फेला परेमा तुरुन्त गाउँपालिकाको अस्पताल छोटेबगर वा सम्बन्धित स्वास्थ्य संस्थामा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ। यस्तो विसम परिस्थितिमा नेपाल सरकारले गरेको लक डाउनको अवस्थालाई सबैले इमान्दारी साथ कार्यान्वयन गर्न गराउन अत्यन्त जरुरी छ। अन्त्यमा आँफु बचौं र अरुलाई पनि बचाऔं।

धन्यबाद

०७६/१२/१३

भूपाल सिं बिष्ट
नि.प्रमुख प्रशासकीय अधिकृत

भूपाल सिं विष्ट
नि.प्रमुख प्रशासकीय अ